# रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९

*(मिति २०७६ साल असोज मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार

# रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९


<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

<u>संशोधन</u> २०४९।४।१२

१. रेडियो संचार लाइसेन्स (पहिलो संशोधन) नियमावली, २०६३ २०६३।४।८

२. रेडियो संचार लाइसेन्स (दोस्रो संशोधन) नियमावली, २०६४ २०६४।५।३१

३. रेडियो संचार लाइसेन्स (तेस्रो संशोधन) नियमावली, २०६५ २०६५।१२।१७


रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "रेडियो संचार (लाइसेन्स) नियमावली, २०४८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले रेडियो ऐन, २०१४ सम्झनु पर्छ ।

(ख) "लाइसेन्स" भन्नाले नियम ४ बमोजिम दिइने रेडियो यन्त्रको लाइसेन्स सम्झनु पर्छ ।

(ग) "लाइसेन्स दिने अधिकारी" भन्नाले नेपाल सरकार, सञ्चार मन्त्रालयले तोकिदिएको अधिकारी सम्झनु पर्छ ।

(घ) "स्याटेलाइट रिसिभिङ्ग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू-उपग्रहहरू वा अन्तरिक्ष स्टेशनबाट सञ्चार प्राप्त गर्ने डिश एण्टेना लगायतका सञ्चार प्रणाली सम्झनु पर्छ ।

(ङ) "एमेच्योर रेडियो" भन्नाले व्यक्तिगत लाभको उद्देश्य नराखी रेडियो प्रविधि सम्बन्धी आत्म-शिक्षा तथा अन्वेषणको द्देश्यले इजाजत प्राप्त व्यक्तिहरूको बीच सञ्चार आदान प्रदान गर्न प्रयोग गरिने रेडियो यन्त्र सम्झनु पर्छ ।

(च) "कर्डलेस टेलिफोन" भन्नाले घर वा कम्पाउण्डको सिमित दुरीभित्र सार्वजनिक टेलिफोन सेट विस्तारको लागि प्रयोग गरिने रेडियो यन्त्र सम्झनु पर्छ ।

(छ) "स्याटेलाइट कम्यूनिकेशन सिष्टम" भन्नाले एक वा एक भन्दा बढी भू-उपग्रहहरूको प्रयोग गरी रेडियो सञ्चार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

आदान प्रदान गर्न सकिने पृथ्वीको धरातल वा वायुमण्डलको अधिकांश भागभित्र अवस्थित संचार प्रणालीलाई सम्झनु पर्छ ।

(ज) "स्टेशन" भन्नाले रेडियो यन्त्र तथा तत्सम्बन्धी उपकरणहरू जडान भएको ठाउँ सम्झनु पर्छ ।

३. लाइसेन्स लिनु पर्ने : (१) नियम १८ बमोजिम लाइसेन्स लिनु नपर्ने रेडियो यन्त्र बाहेक अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न, प्रयोग गर्न, उत्पादन गर्न वा बिक्री वितरण गर्न वा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनका लागि लाइसेन्स लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाइसेन्स लिन चाहने व्यक्तिले देहाय बमोजिम लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ :-

(क) स्याटेलाइट रिसिभिंग सिष्टम वा स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) र कर्डलेस टेलिफोनको लागि क्रमश: अनुसूची-१ (क) र अनुसूची-१ (ख) बमोजिमको ढाँचामा,

(ख) खण्ड (क) मा उल्लेख भएदेखि बाहेकका अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि अनुसूची-१ (ग) बमोजिमको ढाँचामा,

(ग) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनको लागि अनुसूची-१(घ) बमोजिमको ढाँचामा,

(घ) रेडियो यन्त्र उत्पादनको लागि अनुसूची-२ बमोजिमको ढाँचामा, र

(ङ) रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि अनुसूची-३ बमोजिमको ढाँचामा ।

४. लाइसेन्स दिनु पर्ने : (१) नियम ३ बमोजिम प्राप्त भएको दरखास्तमा आवश्यक जाँचबुझ गरी लाइसेन्स दिने अधिकारीले नियम ९ मा उल्लिखित दस्तुर लिई देहाय बमोजिम दरखास्तवालालाई लाइसेन्स दिनु पर्नेछ :-

(क) स्याटेलाइट रिसिभिंग सिष्टम वा स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) र कर्डलेस टेलिफोनको लागि क्रमश: अनुसूची-४(क) र अनुसूची-४(ख) बमोजिमको ढाँचामा,

(ख) खण्ड (क) मा उल्लेख भएदेखि बाहेकका अन्य सबै प्रकारका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि अनुसूची-४(ग) बमोजिमको ढाँचामा,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक हुनको लागि अनुसूची-४(घ) बमोजिमको ढाँचामा,

(घ) रेडियो यन्त्र उत्पादन गर्नको लागि अनुसूची-५ बमोजिमको ढाँचामा, र

(ङ) रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि अनुसूची-६ बमोजिमको ढाँचामा ।

(२) उपनियम (१) बमोजिम लाइसेन्स दिंदा सार्वजनिक सञ्चार सेवामा प्रतिकूल असर पर्ने गरी दरखास्तवालालाई लाइसेन्स दिइने छैन ।

(३) उपनियम (१) बमोजिम लाइसेन्स दिंदा लाइसेन्सवालाले पालना गर्नु पर्ने आवश्यक शर्तहरू समेत तोकी दिन सक्नेछ ।

५. स्याटेलाइट रिसिभिंग सिष्टम : लाइसेन्स दिने अधिकारीले स्याटेलाइट रिसिभिंग सिष्टमको लाइसेन्स व्यक्तिगत वा सामूहिक रूपमा प्रयोग गर्न पाउने गरी दिन सक्नेछ ।

६. एमेच्योर रेडियो : (१) लाइसेन्स दिने अधिकारीले देहायका योग्यता पुगेका व्यक्तिलाई एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछ :-

(क) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) नेपाली र अंग्रेजी दुवै भाषामा राम्रो बोल्न, लेख्न सक्ने,

(ग) नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृत पाठ्यक्रम बमोजिम लिएको लिखित तथा मौखिक परीक्षामा उत्तीर्ण गरेको ।

(२) नेपाल सरकार, सञ्चार मन्त्रालयले उचित ठानेमा विदेशी नागरिकलाई समेत छोटो अवधिको लागि एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम लाइसेन्स दिंदा लाइसेन्सको तह, श्रेणी र रेडियो फ्रिक्वेन्सीहरूको प्रयोग र अपरेटिङ्ग स्टाण्डर्ड नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोके बमोजिमको हुनेछ ।

७. कर्डलेस टेलिफोन : लाइसेन्स दिने अधिकारीले उचित ठहऱ्याएमा नियम १८ को खण्ड (ख) मा उल्लेख भएका कर्डलेस टेलिफोन बाहेक अन्य कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी कर्डलेस टेलिफोनको लाइसेन्स दिन सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

८. स्याटेलाइट कम्यूनिकेशन सिष्टम : लाइसेन्स दिने अधिकारीले पर्वतारोहण अन्वेषण तथा यस्तै प्रकारका जोखिमपूर्ण विशेष काममा संलग्न व्यक्ति वा टोलीलाई निश्चित अवधिको लागि तोकिएको प्रयोजनको लागि मात्र स्याटेलाइट कम्यूनिकेशन सिष्टम राख्न तथा प्रयोग गर्न पाउने गरी स्याटेलाइट कम्यूनिकेशन सिष्टमको लाइसेन्स दिन सक्नेछ ।

◆८क. कागजात पेश गर्न नपर्ने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिम लाइसेन्स लिन चाहने व्यक्तिले दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात पेश गर्न नसक्ने कारण जनाई यो नियम प्रारम्भ भएको सात दिनभित्र दरखास्त दिएमा र सो व्यहोरा जाँचबुझ गर्दा मनासिब देखिएमा लाइसेन्स दिने अधिकारीले त्यस्तो कागजात नभए पनि दरखास्तवालालाई रेडियो यन्त्रको लाइसेन्स दिन सक्नेछ ।

९. लाइसेन्स दस्तुर : रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न उत्पादन वा बिक्री वितरण गर्न वा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लागि दिइने लाइसेन्सको दस्तुर अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. लाइसेन्सको अवधि र नवीकरण : (१) लाइसेन्सको अवधि एक आर्थिक वर्षसम्म बहाल रहनेछ ।

(२) लाइसेन्स नवीकरण गराउन चाहने व्यक्तिले लाइसेन्स बहाल रहने अवधि भुक्तान नहुँदै नवीकरणको लागि अनुसूची-८ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लाइसेन्स नवीकरणको लागि पर्न आएको दरखास्त उपर लाइसेन्स दिने अधिकारीले नियम–९ बमोजिम लाग्ने दस्तुरको आधा दस्तुर लिई त्यस्तो लाइसेन्स नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्याद भुक्तान भएपछि लाइसेन्स नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्म बीस प्रतिशत, तेस्रो एक महिनासम्म तीस प्रतिशत, चौथो एक महिनासम्म चालीस प्रतिशत, पाँचौ एक महिनासम्म पचास प्रतिशत र छैठौं एक महिनासम्म शत प्रतिशत जरिबानासमेत लिई लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स नवीकरण गरी दिनेछ । ६ महिनाभित्र पनि लाइसेन्स नवीकरण नगराएमा त्यस्तो लाइसेन्स स्वत: रद्द हुनेछ ।

▞(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म लाइसेन्स नवीकरण नगराएको व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो लाइसेन्स नवीकरण गराउन लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

---

◆ दोस्रो संसोधनद्वारा थप ।

▞ पहिलो संशोधनद्वारा थप भै तेस्रो संशोधनद्वारा संशोधित ।

■(४ख) उपनियम (४क) बमोजिमको दरखास्त प्राप्त भएमा लाइसेन्स दिने अधिकारीले उपनियम (३) बमोजिम लाग्ने नवीकरण दस्तुर, उपनियम (४) बमोजिम लाग्ने शत प्रतिशत जरिवाना र सो जरिवाना रकम बराबरको थप जरिवाना लिई त्यस्तो लाइसेन्स नवीकरण गरी दिनेछ ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि छोटो अवधिको निमित्त दिइने लाइसेन्स सो लाइसेन्समा उल्लिखित अवधिसम्म मात्र बहाल रहनेछ ।

११. लाइसेन्स दस्तुर नवीकरण दस्तुर नलाग्ने : देहायका संघ, संस्थान, निकाय, नियोग वा कार्यालयले प्रयोग गर्ने रेडियो यन्त्रहरूमा नियम ९ र १० बमोजिम लाग्ने लाइसेन्स दस्तुर तथा नवीकरण दस्तुर लाग्ने छैन :-

(क) नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय, आयोजना आदि,

(ख) नेपाल सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावली बमोजिम लाइसेन्स दस्तुर तथा नवीकरण दस्तुर नलाग्ने भनी तोकिदिएको अन्य संघ, संस्था, निकाय नियोग वा व्यक्ति ।

१२. विवरण बदल्नु परेमा : (१) यस नियमावली बमोजिम प्राप्त लाइसेन्समा उल्लिखित विवरण बदल्नु परेमा लाइसेन्सवालाले अनुसूची-९ बमोजिमको ढाँचामा लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाइसेन्सको विवरण बदल्नको निमित्त एक सय रूपैयाँ दस्तुर लाग्नेछ ।

१३. नामसारी : (१) लाइसेन्स प्राप्त रेडियो यन्त्र बिक्री गरेमा वा अन्य तवरले हक छाडेमा हक छाड्ने र हक पाउने दुवैले सो भए गरेको मितिले पैंतीस दिनभित्र लाइसेन्स दिने अधिकारी समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा रेडियो यन्त्र नामसारीको निमित्त दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नामसारीको दरखास्त प्राप्त भएपछि नामसारीबाट हक प्राप्त गर्ने व्यक्ति त्यस्तो लाइसेन्स पाउन उपयुक्त देखिएमा लाइसेन्स दिने अधिकारीले सोही बमोजिम नामसारी गरिदिई आफ्नो कार्यालयमा रहेको लाइसेन्सको विवरण समेत दुरुस्त राख्नु पर्नेछ ।

१४. निरीक्षण गर्न सक्ने : (१) लाइसेन्स दिने अधिकारीले तोकेको अधिकारीले दरखास्तको विवरण वा लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू पालना गरे नगरेको सम्बन्धमा निरीक्षण तथा छानबिन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा कुनै कैफियत देखिएमा त्यस्तो कैफियत सुधार गर्न एक पटक मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपनियम (२) बमोजिमको मौका दिंदा पनि त्यस्तो कैफियत सुधार गरेको नदेखिएमा निरीक्षण गर्ने अधिकारीको सिफारिशमा लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स रद्द गर्न सक्नेछ ।

१५. मनिटरिङ्ग गर्न सक्ने : यस नियम वा लाइसेन्समा तोकिएका शर्तहरू बमोजिम रेडियो फ्रिक्वेन्सीहरूको उचित प्रयोग भए नभएको वा कुनै प्रकारको अनधिकृत प्रयोग समेत भएको भए सो समेत पत्ता लगाई कारबाही गर्न गराउन लाइसेन्स दिने अधिकारीले मनिटरिङ्गको व्यवस्था गर्न, गराउन सक्नेछ ।

१६. विवरण राख्नु पर्ने : (१) यस नियमावली बमोजिम रेडियो यन्त्र बिक्री वितरण गर्न लाइसेन्स प्राप्त गर्नेले सो बिक्री वितरण गरेको मिति, रेडियो यन्त्रको किसिम, खरिद कर्ताको नाम तथा स्थायी ठेगाना सहितको विवरण स्पष्ट खुल्ने गरी रजिष्टर राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण प्रत्येक ६ महिनामा लाइसेन्स दिने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१७. लाइसेन्सको प्रतिलिपि दिने : यस नियमावली बमोजिम जारी गरिएको लाइसेन्स हराएमा वा दैवीप्रकोप परी मासिएमा वा पुरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भई फेर्नु पर्ने भएमा लाइसेन्स दिने अधिकारीले एक सय रूपैयाँ दस्तुर लिई त्यस्तो लाइसेन्सको प्रतिलिपि दिन सक्नेछ ।

१८. लाइसेन्स लिनु नपर्ने : देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिनु पर्ने छैन ।

(क) रेडियो वा टेलिभिजन प्रसारणहरू सुन्ने वा सुन्ने देखिने संयन्त्रहरू,

(ख) नेपाल सरकार, सञ्चार मन्त्रालयले स्तर निर्धारण गरी निश्चित गरी दिएको रेडियो कन्ट्रोल खेलौना, कर्डलेस माइक्रोफोन र ३० मिटर दूरी भन्दा कम क्षमताको कर्डलेस टेलिफोन, र

(ग) नेपाल सरकार, सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य रेडियो यन्त्र ।

१९. लगत कट्टा गर्ने : रेडियो यन्त्र बिग्री काम नलाग्ने भएमा वा हराएमा वा रेडियो यन्त्रको बिक्रेता वा निर्माताले त्यस्तो रेडियो यन्त्र बिक्री गर्न वा उत्पादन गर्ने कार्य छोडेमा सो भए गरेको मितिले पैतीस दिनभित्र सो कुराको सूचना लाइसेन्स दिने अधिकारी समक्ष दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि लाइसेन्स दिने अधिकारीले आवश्यक देखेमा जाँचबुझ समेत गरी त्यस्तो रेडियो यन्त्रको लाइसेन्सको लगत कट्टा गर्नु पर्नेछ ।

२०. पुन: दर्ता : रेडियो यन्त्र बिग्री वा हराई नियम १९ बमोजिम लगत कट्टा गराई सकेपछि त्यस्तो बिग्रेको रेडियो यन्त्र मर्मत गरी फेरि काम लाग्ने

भएमा वा हराएको रेडियो यन्त्र फेला परेमा त्यस्तो रेडियो यन्त्र राख्ने व्यक्तिले यसरी काम लाग्ने भएको वा फेला परेको मितिले पैंतीस दिनभित्र नियम ३ बमोजिम दरखास्त दिई पुन: लाइसेन्स लिनु पर्नेछ ।

२१. लाइसेन्सवाला जवाफदेही हुने : यस नियमावली बमोजिम लाइसेन्स प्राप्त गर्नेले रेडियो यन्त्रको प्रयोग गर्दा कसैको हक हितमा प्रतिकूल असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित लाइसेन्सवाला हुनेछ ।

२२. समिति गठन गर्न सक्ने : यस नियमावली बमोजिम नेपाल सरकार, सञ्चार मन्त्रालयले गर्ने कामका सम्बन्धमा सरसल्लाह र सुझाव दिन नेपाल सरकार, सञ्चार मन्त्रालयले आवश्यक ठानेमा एक समिति गठन गर्न सक्नेछ । समितिको काम, कर्तव्य र कार्यविधि सो समिति गठन गर्दाको अवस्थामा नै तोकिनेछ ।

२३. यस नियमावली बमोजिम लाइसेन्स लिनु पर्ने : (१) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि कसैले लाइसेन्स नलिई रेडियो यन्त्र राखेको रहेछ भने, त्यस्तो व्यक्तिले यो नियमावली प्रारम्भ भएको मितिले पैंतीस दिनभित्र नियम ३ बमोजिम लाइसेन्स लिनु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि लिएको रेडियो यन्त्रको लाइसेन्स यो नियमावली प्रारम्भ भएपछि यसै नियमावली बमोजिम लिएको मानिनेछ ।

२४. अनुसूचीमा हेरफेर : नेपाल सरकार, सञ्चार मन्त्रालयले यस नियमावलीको अनुसूचीमा हेरफेर वा थपघट गर्न आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर वा थपघट गर्न सक्नेछ ।

२५. अधिकार प्रत्यायोजन : यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल सरकार, सञ्चार मन्त्रालयले अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२६. खारेजी : रेडियो (लाइसेन्स) नियमावली, २०२६ खारेज गरिएको छ ।

---

दृष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

अनुसूची-१ (क)

(नियम ३ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्यूनिकेशन

सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि

<u>दरखास्त</u>

श्री................

स्याटेलाइट रिसिभिङ्ग सिष्टम/ स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्यूनिकेशन सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. :-

(घ) साइज र अन्य विवरण :-

(ङ) एण्टेना सम्बन्धी विवरण :-

३. प्रयोग गरिने ठाउँ :-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज /प्रयोग गर्ने फ्रिक्वेन्सी :-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने हो :-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको हो :-

७. प्रयोग :-

(क) व्यक्तिगत :-

(ख) सामूहिक :-

८. सामूहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरे हुने) :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएको :-

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नाम :-

११. आयात हुने भन्सार कार्यालयको नाम :-

दरखास्तवालाको,-

सही :-

नाम :-

ठेगाना :-

मिति :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१(ख)

(नियम ३ सँग सम्बन्धित)

कर्डलेस टेलिफोन लाइसेन्सको लागि

<u>दरखास्त</u>

श्री...............

कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी कर्डलेस टेलिफोनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. कर्डलेस टेलिफोनको विवरण :-

(क) यन्त्रको निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

२. प्रयोग गर्ने फ्रिक्वेन्सी :-

३. प्रयोग गर्ने प्रणाली :-

४. ट्रान्समिटर पावर :-

५. प्रयोग गरिने क्षेत्र :-

६. दरखास्तवालाले प्राप्त गरेको सार्वजनिक दूर संचार टेलिफोन:-

७. अन्य विशेष:-

दरखास्तवालाको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१(ग)

(नियम ३ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग सिष्टम वा स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन), कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो संचालक बाहेकका अन्य रेडियो यन्त्रको लागि

दरखास्त

श्री.................

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

   (क) निर्माता :-

   (ख) मोडेल नं. :-

   (ग) सिरियल नं. आदि :-

६. स्टेशनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-

८. प्रयोग गरिने समय :-

९. अन्य विवरण:-

   (क)

   (ख)

   (ग)

दरखास्तवालाको,–

सही :-

नाम :-

ठेगाना :-

मिति :-

कानून तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१(घ)

(नियम ३ सँग सम्बन्धित)

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर /एमेच्योर रेडियो सञ्चालकको

लाइसेन्सको लागि

दरखास्त

श्री........................

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/एमेच्योर रेडियो सञ्चालक हुनको लागि देहायको विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/एमेच्योर रेडियो सञ्चालक हुनको उद्देश्य:-

२. एमेच्योर रेडियो राख्ने प्रयोग गर्ने/सञ्चालन गर्ने ठाउँ :-

३. एमेच्योर रेडियोको विवरण :-

(क) स्थायी/अस्थायी :-

(ख) एमेच्योर रेडियो सम्बन्धी ज्ञान: सैद्धान्तिक/व्यवहारिक :-

(ग) इलेक्ट्रोनिक र रेडियो कम्यूनिकेशन सम्बन्धी ज्ञान :-

(घ) प्रयोग गर्ने फ्रिक्वेन्सी :-

(ङ) प्रयोग गर्ने प्रणाली :-

(च) ट्रान्समिटर पावर :-

४. अन्य विवरण:-

(क)

(ख)

(ग)

दरखास्तवालाको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-२

(नियम ३ सँग सम्बन्धित)

रेडियो यन्त्र उत्पादन गर्नको लागि

<u>दरखास्त</u>

रेडियो यन्त्र उत्पादन गर्नको लागि देहायका विवरणहरू खुलाई सम्बन्धित रेडियो यन्त्रको डिजाइन तथा टेक्निकल स्पेसिफिकेशन समेत संलग्न गरी देहायको रेडियो यन्त्रको उत्पादनको लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. उत्पादन गरिने रेडियो यन्त्रको विवरण :-

(क) नाम:-

(ख) किसिम:-

(ग) मोडेल:-

(घ) शक्ति (वाट्स):-

(ङ) फ्रिक्वेन्सी रेन्ज:-

२. वार्षिक उत्पादन गर्ने अनुमानित संख्या :-

३. उत्पादन गर्न आवश्यक सुविधाहरूको विवरण:-

४. उद्योगको किसिम:-

५. उत्पादन शुरु हुने मिति:-

६. उत्पादन स्थल:-

७. अन्य विवरण:-

(क)

(ख)

(ग)

दरखास्तवालाको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-३

(नियम ३ सँग सम्बन्धित)

रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि

दरखास्त

श्री.....................

रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि देहायका विवरणहरू खुलाई देहायका रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि लाइसेन्स पाउनको निमित्त अनुरोध गर्दछु ।

१. बिक्री वितरण गर्ने रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) शक्ति (वाट्स) :-

(घ) फ्रिक्वेन्सी रेन्ज :-

२. वार्षिक बिक्री वितरण गर्ने अनुमानित संख्या :-

३. बिक्री वितरण शुरु हुने मिति :-

४. बिक्री वितरण गर्ने स्थल :-

५. अन्य विवरण:-

(क)

(ख)

(ग)

दरखास्तवालाको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४(क)

(नियम ४ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग सिष्टम /स्याटेलाइट कम्यूनिकेशन

सिष्टम (अर्थ स्टेशन) को

<u>लाइसेन्स</u>

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम /स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एण्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज/प्रयोग गरिने फ्रिक्वेन्सी:-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

८. प्रयोग :-

(क) व्यक्तिगत :-

(ख) सामूहिक :-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू :-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको,–

सही:-

नाम:-

दर्जा:-

मिति:-

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-४(ख)

(नियम ४ सँग सम्बन्धित)

### कर्डलेस टेलिफोनको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालना गर्ने गरी कर्डलेस टेलिफोन राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. कर्डलेस टेलिफोनको विवरण :-

(क) सार्वजनिक टेलिफोन नं. :-

(ख) निर्माता. :-

(ग) मोडेल नं. :-

(घ) सिरियल नं. :-

(ङ) आर. एफ. पावर आउटपुट/एण्टेना साइज :-

५. प्रयोग गर्ने क्षेत्र :-

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू :-

(क) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा कर्डलेस टेलिफोन प्रयोग गर्न पाइने छैन ।

(ख) तोकिएको बाहेक अन्य सार्वजनिक टेलिफोन नम्बरसँग मिलान गरी प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको,–

सही :-

नाम :-

दर्जा :-

मिति :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४(ग)

(नियम ४ सँग सम्बन्धित)

स्याटेलाइट रिसिभिङ्ग वा स्याटेलाइट कम्युनिकेशन सिष्टम (अर्थ स्टेशन) कर्डलेस टेलिफोन र एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालक बाहेकका अन्य रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि

लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग)

कार्यालयको छाप :-

लाइसेन्स दिने अधिकारीको,–

सही:-

नाम:-

दर्जा:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४(घ)

(नियम ४ सँग सम्बन्धित)

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालना गर्ने गरी निम्न विवरणको एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. एमेच्योर रेडियोको विवरण :-

(क)

(ख)

(ग)

(घ)

५. एमेच्योर रेडियो स्टेशन स्थान :-

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू:-

(क) आर्थिक लाभको उद्देश्यले आफ्नो वा कसैको कुनै खवर समाचार आदान प्रदान गर्न पाइने छैन ।

(ख) इजाजत प्राप्त व्यक्ति बीच आत्म शिक्षा र रेडियो प्रविधिको अन्वेषण गर्ने उद्देश्यबाट मात्र संचार आदान प्रदान गर्नु पर्नेछ ।

(ग) दैविप्रकोप वा आकस्मिक घटना परेमा वा सार्वजनिक दूरसंचार साधन समेत उपलब्ध नभएको अवस्थामा नेपाल सरकार संचार मन्त्रालयबाट स्वीकृति लिएर तेस्रो पक्षको कुनै सन्देश आदान प्रदान गर्न खण्ड (ख) ले कुनै रोक लगाएको मानिने छैन ।

(घ) कसैले गैर कानूनी प्रसारण गरेको लाइसेन्सवालाले थाहा पाएमा नेपाल सरकार, संचार मन्त्रालयलाई तत्काल जानकारी दिनु पर्नेछ र त्यस्तो कुनै कुराको सम्बन्धमा नेपाल सरकार, सञ्चार मन्त्रालयबाट मद्दत मागेमा त्यस्तो कुराको सूचना दिनु लाइसेन्सवालाको कर्तव्य हुनेछ ।

(ङ) नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको अपरेटिङ्गस्तर अनुरूप संचालन गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) सबै प्रसारणमा प्रत्येक १० मिनेटको अवधि ननाघ्ने गरी आफ्नो कल साइन पटक पटक उल्लेख गर्नु पर्नेछ ।

(छ) आफूले रेडियोमा सम्पर्क राखेको एमेच्योरको लगबूक नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकी दिएको ढाँचामा राख्नु पर्नेछ ।

(ज) अन्य कुनै पनि एमेच्योर रेडियो अपरेटरसँग क्यू. एस. एल. कार्ड पठाउन खर्चको रूपमा कुनै नगदी वा जिन्सी माग गर्न वा लिन पाइने छैन । यदि विदेशी नागरिकबाट अन्तरराष्ट्रिय जवाफी कुपन वा नगद प्राप्त भएमा त्यस्तो कुपन वा नगद सञ्चार मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(झ) आफूले राखेको वा प्रयोग गरेको स्टेशन आफूले वा अन्य एमेच्योर रेडियो सञ्चालकहरूलाई सञ्चालन गर्न दिएको भए सोको समेत स्पष्ट विवरण सहितको लगबूक नेपाल सरकार, सञ्चार मन्त्रालयबाट तोकि दिएको ढाँचामा राख्नु पर्नेछ र त्यस्तो लगबुक प्रत्येक ६।६ महिनामा सञ्चार मन्त्रालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

७. प्रयोग गर्न पाउने फ्रिक्वेन्सीहरू :-

८. कल साइन :-

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको,–

सही:-

नाम:-

दर्जा:-

मिति:-

<u>नवीकरणको विवरण</u>

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-५

(नियम ४ सँग सम्बन्धित)

रेडियो यन्त्र उत्पादनको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र उत्पादन गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) फ्रिक्वेन्सी रेन्ज :-

५. उत्पादन गर्ने स्थल :-

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू :-

(क)

(ख)

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको,–

सही:-

नाम:-

दर्जा:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-६

(नियम ४ सँग सम्बन्धित)

### रेडियो यन्त्र बिक्री वितरण गर्नको लागि लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न शर्तहरू पालना गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र बिक्री वितरण गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. रेडियो यन्त्रको विवरण :-

(क) नाम :-

(ख) किसिम :-

(ग) फ्रिक्वेन्सी रेन्ज :-

५. बिक्री वितरण गर्ने स्थल :-

६. लाइसेन्सवालाले पालना गर्नु पर्ने शर्तहरू :-

(क)

(ख)

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको,–

सही:-

नाम:-

दर्जा:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

#### नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## σअनुसूची-७
(नियम ९ सँग सम्बन्धित)

**<u>रेडियो यन्त्रको लाइसेन्स दस्तुर</u>**

देहायका रेडियो यन्त्र राख्न, प्रयोग गर्न, उत्पादन गर्न वा बिक्री वितरण गर्नको लागि नेपाली नागरिकहरूलाई देहाय बमोजिमको लाइसेन्स दस्तुर लाग्नेछ :-

१. स्याटेलाइट रिसिभिङ्ग सिस्टमको लागि,-

(क) आम जनताको लागि प्रसारण गरिएको प्रसारण प्राप्त गर्न सक्ने (स्याटेलाइट रिसिभर) को लागि — रू. ३००।-

(ख) अन्य प्रकारको सञ्चार प्राप्त गर्न सक्ने प्रति स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लागि — रू. १,०००।-

२. स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशनको लागि,-

(क) स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन (भ्वाइस च्यानल) को लागि — रू.३०,०००।-

(ख) स्याटेलाइट कम्यूनिकेशन सिष्टम वा अर्थ स्टेशन (डाटा च्यानल) को लागि ६४ किलो विट्स प्रति सेकेन्ड क्षमता भएको भिस्याट वा अन्य स्टेशनको लागि रेडियो फ्रिक्वेन्सी प्रयोगका लागि — रू. १५,०००।-

र त्यस पछिको प्रत्येक थप ६४ किलो विट्स प्रति सेकेन्डको लागि थप अतिरिक्त दस्तुर — रू. १,०००।-

३. एरोनटिकल स्टेशनको लागि — रू. १,०००।-

४. वायुयान (एयरक्राफ्ट स्टेशन) को लागि — रू. ३,०००।-

५. वेस (आधार) स्टेशनको लागि (VHF/UHF) र सो सम्बन्धी प्रति स्टेशन प्रति जोडी फ्रिक्वेन्सी प्रयोग गर्ने :-

(क) वेस स्टेशनको लागि,-

(१) ५ वाटसम्म RF Power output — रू. ५०००।-

(२) ५ वाट भन्दा बढी २५ वाट सम्म RF power output — रू. १०,०००।-

(३) २५ वाट भन्दा बढी RF Power output — रू. २५,०००।-

(ख) रिपिटर स्टेशनको लागि,-

---

σ मिति २०७३।५।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) ५ वाटसम्म RF Power output रू. १०,०००।-

(२) ५ वाट भन्दा बढी २५ वाट सम्म RF Power output रू. २५,०००।-

(३) २५ वाट भन्दा बढी RF Power output रू. ३५,०००।-

(ग) वेस स्टेशन ⁄रिपिटर स्टेशनसँग सम्पर्क गर्ने वा अन्य स्थिर वा चल (मोवाइल) स्टेशनहरूको लागि प्रति स्टेशन,-

(१) ५ वाटसम्म RF Power output रू. २,०००।-

(२) ५ वाट देखि २५ वाट सम्म RF Power output रू. १०,०००।-

(३) २५ वाट भन्दा माथि RF Power output रू. २५,०००।-

६. अचल स्टेशनको लागि,-

(क) ३० मेगाहर्ज भन्दा मुनि एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने २५ वाट सम्म आर.एफ. पावर आउटपुट क्षमताको प्रति अचल स्टेशनको लागि रू. २०,०००।-

र २५ आर.एफ.पावर आउटपुट भन्दा माथिको प्रति अचल स्टेशनको लागि रू. ३०,०००।-

(ख) ३० मेगाहर्जदेखि १०.५ गिगाहर्जभित्र एक वा दुईसम्म ट्रान्समिटिङ्ग फ्रिक्वेन्सीहरू प्रयोग गर्न सकिने अचल स्टेशनको लागि निम्न बमोजिम खास ओगटेको आर.एफ. रेडियो फ्रिक्वेन्सी व्याण्ड विथको आधारमा,-

(१) ३६ कि.हर्जसम्म रू. ५,०००।-

(२) ३६ कि. हर्ज भन्दा माथि ४०० कि. हर्जसम्म रू. १०,०००।-

(३) ४०० कि. हर्ज भन्दा माथि २,८०० कि. हर्जसम्म रू. १५,०००।-

(४) २,८०० कि.हर्ज भन्दा माथि १०,००० कि.हर्जसम्म रू. २०,०००।-

(५) १०,००० कि.हर्ज भन्दा माथि २०,००० कि.हर्जसम्म रू. ३०,०००।-

(६) २०,००० कि.हर्ज भन्दा माथि ४०,००० कि.हर्जसम्म रू. ५०,०००।-

(७) ४०,००० कि.हर्ज भन्दा माथि ८०,००० कि.हर्जसम्म रू. ८०,०००।-

(८) ८०,००० कि.हर्ज भन्दा माथि १,६०,००० कि.हर्जसम्म रू. १,५०,०००।-

(९) १,६०,००० कि.हर्ज भन्दा माथि रू. ३,००,०००।-

(१०) १०.५ गिगाहर्ज भन्दा माथि १५.३५ गिगाहर्जसम्म, एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्ज भन्दा कम आर.एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि रू. ६,०००।-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(११) १०.५ गिगाहर्ज भन्दा माथि १५.३५ गिगाहर्जसम्म एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा माथि आर.एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि — रू. ७,०००।-

(१२) १५.३५ गिगाहर्ज भन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा कम आर.एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि — रू. ५,०००।-

(१३) १५.३५ गिगाहर्ज भन्दा माथि तर एउटै मात्र फ्रिक्वेन्सी प्रयोग गर्न सकिने र २० मेगाहर्जभन्दा बढी आर.एफ. व्याण्ड विथ ओगट्ने प्रति स्टेशनको लागि — रू. ७,५००।-

७. पेजिङ्ग सेवाको लागि (PSTN मा मिलान नगरी सञ्चालन भएका),-

(क) ५० वाटसम्म आर.एफ. पावर आउटपुट क्षमताको ट्रान्समिटरबाट,-

(१) २,००० गोटा सम्म पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि — रू. १०,०००।-

(२) २,००० गोटा भन्दा बढी पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि — रू. १,०००।-

(ख) ५० वाटभन्दा बढी आर.एफ. पावर आउटपुट क्षमताको ट्रान्समिटरबाट,-

(१) ५००० गोटासम्म पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि — रू. २०,०००।-

(२) ५,००० भन्दा बढी पेजिङ्ग रिसिभर प्रयोग गर्न सक्ने प्रणालीको लागि प्रत्येक थप रिसिभरको लागि — रू. १,०००।-

८. रेडियो डिटरमिनेशन/नेभिगेशन स्टेशनको लागि प्रति फ्रिक्वेन्सी प्रति स्टेशन — रू. १,०००।-

९. गतिशिल वा अचल उद्धार योजना स्टेशनको लागि प्रति फ्रिक्वेन्सी प्रति स्टेशन — रू. १,०००।-

१०. एमेच्योर रेडियोको हकमा,-

(क) कन्ट्रोल अपरेटरको लागि (उपकरण सहित) — रू. १,०००।-

(ख) सञ्चालनको लागि (उपकरण बाहेक) — रू. ६००।-

११. रेडियो सञ्चार तथा प्रसारण सम्बन्धी रेडियो यन्त्र उत्पादनको लागि,-

(क) व्यापारिक प्रयोजन — रू. २,००,०००।-

(ख) अनुसन्धानको लागि,-

(१) व्यक्तिगत — रू. ५,०००।-



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) सङ्घ/संस्थाको लागि — रू. १०,०००।-

१२. रेडियो सञ्चार तथा प्रसारण सम्बन्धी रेडियो यन्त्र बिक्री वितरणको लागि — रू. ५०,०००।-

१३. प्रसारण सम्बन्धी रेडियो यन्त्र राख्न वा प्रयोग गर्नको लागि,-

(क) एफ.एम. रेडियो स्टेशनहरूले प्रयोग गर्ने रेडियो यन्त्रको लागि,-

(१) १०० वाट क्षमतासम्म — रू. ५,०००।-

(२) १०० वाट भन्दा बढी ५०० वाटसम्म — रू. ७,०००।-

(३) ५०० वाट भन्दा बढी २,००० वाटसम्म — रू. २०,०००।-

(४) २,००० वाट भन्दा बढी जति भएपनि — रू. २५,०००।-

(ख) भू-उपग्रह (अर्थ-स्टेशन) प्रसारण केन्द (रेडियो वा टेलिभिजन प्रसारण गर्ने),-

(१) Satellite TV Broadcasting Earth Station उपकरणको लागि प्रति स्टेशन,-

(क) आफै प्रयोग गर्ने — रू. ३,००,०००।-

(ख) अर्काको अर्थ स्टेशन प्रयोग गर्ने — रू. १,००,०००।-

(२) Satellite Audio Broadcasting Earth Station (VSAT) उपकरण (Mono वा Stereo) को लागि प्रति स्टेशन,-

(क) आफै प्रयोग गर्ने — रू. १,५०,०००।-

(ख) अर्काको अर्थ स्टेसन प्रयोग गर्ने — रू. ५०,०००।-

(३) बहु टेलिभिजन च्यानलहरू अपलिङ्क गर्ने प्रयोजनका लागि जडान एवम् प्रयोग गरिने अर्थ-स्टेशनको (Teleport/DTH समेत) लागि — रू. १,००,००,०००।-

(४) डिजिटल प्रविधिमा आधारित केवुल टेलिभिजन / Internet Protocal Television (IPTV) / Multi Channel Multi Point Distribution System (MMDS) प्रसारण गर्ने Head End — रू. ५,००,०००।-

(ग) भू-सतही (Terrestrial Television) प्रसारण केन्द्रबाट टेलिभिजन प्रसारण गर्ने,-

(१) १०० वाट क्षमतासम्म — रू. १०,०००।-

(२) १०० वाट भन्दा बढी ५०० वाटसम्म — रू. १५,०००।-

(३) ५०० वाट भन्दा बढी ५,००० वाटसम्म — रू. २०,०००।-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) ५,००० वाट भन्दा बढी जति भएपनि रू. ३०,०००।-

(घ) बाहिरी प्रसारण केन्द्र (Outside Broadcast System) को लागि,-

(१) स्याटेलाइट टेलिभिजन प्रसारण सम्बन्धी उपकरण जडान भएको प्रति स्टेशन रू. १,००,०००।-

(२) भू-सतही टेलिभिजन सम्बन्धी उपकरण जडान भएको प्रति स्टेशन रू. ५०,०००।-

(३) अन्य प्रकारको भू-सतही प्रसारण सम्बन्धी लिङ्क उपकरणको लागि प्रति च्यानल रू. ३०,०००।-

(ङ) Multi Channel Multi Point Distribution System (MMDS) प्रसारण/प्रणाली (जुनसुकै Frequency Range को लागि),–

(१) प्रति १ मेगाहर्ज फ्रिक्वेन्सी व्याण्ड विथको लागि रू. ३०,०००।-

(२) प्रति प्रसारण केन्द्र (Transmission Station) को लागि थप रू. १०,०००।-

(च) प्रसारण केन्द्रमा रहने स्ट्याण्डवाई उपकरणको हकमा प्रत्येक स्टेशन वा च्यानलको लागि थप एउटा स्ट्याण्डवाई उपकरणको लागि दस्तुर लाग्ने छैन (लाइसेन्स लिनु पर्नेछ) ।

१४. विदेशी नागरिक वा संस्थाको लागि,-

(क) रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को अधीनमा रही विदेशी नागरिकलाई कुनै रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी लाईसेन्स दिँदा माथि विभिन्न प्रकरणमा उल्लिखित दस्तुरको चार दोब्बर परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिक वा संस्थाले अस्थायी रुपमा पर्वतारोहण, पैदलयात्रा, चलचित्र छायाङ्कन आदि कार्यमा रेडियो यन्त्र प्रयोग गर्ने भएमा खण्ड (क) मा उल्लिखित दस्तुरको आधा मात्र लाग्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-८

(नियम १०(२) सँग सम्बन्धित)

<u>लाइसेन्स नवीकरणको लागि दरखास्त</u>

श्री ..........................

..........................

मिति .................... मा प्राप्त गरेको ................. रेडियो यन्त्रको लाइसेन्स नवीकरण गर्नको लागि नियम १० (३) बमोजिम लाग्ने लाइसेन्स नवीकरण दस्तुर नियम १० (४) बमोजिम लाग्ने जरिबाना दस्तुर बुझाएको भौचर र सो लाइसेन्सको सक्कल प्रति समेत यसैसाथ संलग्न राखी नियम १० (२) बमोजिम सो लाइसेन्स नवीकरण गरी पाउनको लागि अनुरोध गर्दछु ।

दरखास्तवालाको,-

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-९

(नियम १२ सँग सम्बन्धित)

लाइसेन्सको विवरण बदल्नको लागि

दरखास्त

श्री .........................

मिति ................ मा प्राप्त गरेको ............... को लाइसेन्सको विवरण बदल्नु परेकोले नियम १२ (२) बमोजिम लाग्ने दस्तुर बुझाएको भौचर र सो लाइसेन्सको सक्कल प्रतिसमेत यसै साथ राखी नियम १२ (१) बमोजिम सो लाइसेन्समा देहाय बमोजिमको विवरण बदल्नको लागि अनुरोध गर्दछु ।

लाइसेन्समा बदल्नु पर्ने विवरण

(क)

(ख)

(ग)

(घ)

दरखास्तवालाको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१०

(नियम १३ (१) सँग सम्बन्धित)

रेडियो यन्त्रको नामसारी गर्नको लागि

दरखास्त

श्री ……………

……………… …………… ………… रेडियो यन्त्र मिति ……………… ……………… मैले श्री ……………… लाई हक छाडी दिएकोले मिति ……………… मा प्राप्त सो रेडियो यन्त्रको लाइसेन्स निजको नाममा नामसारी गरी दिन मेरो मन्जूरी भएकोले सो रेडियो यन्त्रको लाइसेन्सको सक्कल प्रति यसै साथ संलग्न राखी नियम १३ (१) बमोजिम रेडियो यन्त्रको लाइसेन्स नामसारी गरी दिनको लागि अनुरोध गर्दछु ।

हक छाडी दिनेको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

उपरोक्त बमोजिम श्री…………… ले मलाइ…………………… रेडियो यन्त्र हक छाडी दिनु भएकोले सो रेडियो यन्त्रको लाइसेन्स मेरो नाममा नामसारी गरी पाउनको लागि नियम १३ (१) बमोजिम अनुरोध गर्दछु ।

हक पाउनेको,–

सही:-

नाम:-

ठेगाना:-

मिति:-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय